**बैठक नं. १९**

**आज मिति २०७९ माघ २२ गते, आइतबार दिनको ३:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

**विषयहरु :**

१. १३ औं नगर सभा बारे ।

२. समिति निर्णय अनुमोदन बारे ।

३. विविध ।

**निर्णयहरु :-**

१. भक्तपुर नगरपालिकाको १३ औं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरिङ्ग कलेजमा गर्ने र सभामा पेश गर्ने यस नगरपालिकाको अर्ध वार्षिक प्रगति प्रतिवेदन कार्यापालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क आर्थिक तथा लेखा समिति**

मिति २०७९।१०।१६ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. बालाखु गणेत बचत तथा ऋण सहाकरी संस्था लि.को १५ औं वार्षिक साधारण सभाको निर्णय अनुसार भक्तपुर जिल्ला भक्तपुर नगरपालिका साविक वडा नं. १० हालको वडा नं. २ बस्ने ३२ वर्षका एलेन कोजुको नाममा मा.पो. कार्यालय, भक्तपुरमा एकलौटी दर्ता कायम रहेको भक्तपुर नगरपालिका वडा नं. १०(ख) स्थित कि.नं. २४९ को क्षे.फ. ०-४-०-० को जग्गा एकमुष्ट रु.१,१५,००,०००।- (अक्षेरुपी रु. एक करोड पन्ध्र लाख) मा संस्थाको भवन निर्माण गर्न खरिद गर्ने निर्णय गरी जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागि सिफारिस पाऊं भनी दिनु भएको निवेदनमा छलफल हुंदा सहकारी ऐन, २०७४ को दफा ७८, सहकारी नियमावली, २०७५ को नियम २३(१) अनुसार जग्गा खरिदमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागि मालपोत कार्यालय, भक्तपुरको नाउंमा सिफारिस गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

मिति २०७९।१०।११ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को प.स.च.नं. ६७/०७८/०७९ मिति २०७८।५।९ गतेको पत्रानुसार भक्तपुर नगरपालिका वडा नं. ४ को भुलांचामा सेवा केन्द्र संचालन गर्न स्वीकृति पाऊं भनी निवेदन दिनु भएकोमा बैठकमा छलफल हुंदा उक्त ठाउंमा सेवा केन्द्र संचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

२. सहकारी संस्थाहरुबाट विनियम संशोधनको लागि पर्न आएको निवेदन माथि छलफल हुंदा निम्न सहकारी संस्थाहरुको निम्नानुसार दफाहरु संशोधनको लागि स्वीकृति दिने निर्णय गरियो :

क. जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि. को निवेदनमा छलफल हुंदा विनियमको दफा ४१ को उपदफा १४ र १५ थप गर्न विनियममा व्यवस्था भएको ऋण नीतिलाई समय सापेक्ष संशोधन परिमार्जन गरी ऋण व्यवस्थापन नीति तर्जुमा गरी लागू गरिने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

ख. कल्याण बचत तथा ऋण सहकारी संस्था लि. को निवेदनमाथि छलफल हुंदा विनियमको परिच्छेद १ को दफा ३ अनुसार कार्य क्षेत्र भक्तपुर नगरपालिका भरि हुने र परिच्छेद ८ को दफा ३३ को उपदफा १ मा संचालक समितिको पदावधि ४ वर्षको हुने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

ग. नवदुर्गा बचत तथा ऋण सहकारी संस्थालि. को निवेदनमा छलफल हुंदा संस्थाको विनियमको दफा १० प्रवेश शुल्क निःशुल्क, दफा ३३ संचालकको पदावधि ४ वर्ष, दफा ४७ उपसमितिहरु संचालक समितिले गठन गर्ने, संस्थाको चुक्ता पूंजी रु.५० लाख पुऱ्याउने, दफा १९(ग) मा आवश्यकता अनुसार अन्य बैंकहरुमा गर्ने, दफा १९ (क) राष्ट्रिय सहकारी र संस्थागत सहकारी संघको शेयर खरिद गर्ने, दफा ७२ (घ) अनुसार प्राकृतिक व्यक्ति संगसंगै राष्ट्रिय सहकारी बैंक र संस्थागत सहकारी संघसंग बचत तथा ऋण कारोवार गर्ने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ख युवा तथा खेलकुद समिति**

मिति २०७९।१०।१९ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७९ फागुन ५-९ गतेसम्म हुने अन्तर नगर पुरुष खो खो प्रतियोगिताको लागि भक्तपुर नगरपालिकाको टिम तयार पार्न ०७९ माघ ५ गते भनपामा दर्ता भएको खो खो खेलाडीहरुको छनौट कार्यक्रमबाट ३० जना खेलाडीहरु छनौट गरियो । साथै छनौट भएका खेलाडीहरुलाई २०७९ माघ १० गतेदेखि दिनको २ पल्ट (विहान र सांझ) नियमित प्रशिक्षण संचालन गर्ने र छनौट भएका खेलाडीहरुलाई नगरपालिकाको नियमानुसार खुराक (डाइट) को व्यवस्था गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा ०७९ फागुन ५-९ गतेसम्म हुने अन्तर नगर पुरुष खो खो प्रतियोगितामा भक्तपुर नगरपालिका टिमका ३० जना खेलाडीहरुलाई दैनिक रुपमा २ समूह (विहान

**र सांझ) प्रशिक्षण संचालन गर्ने र २०७९ माघ १० गतेदेखि प्रशिक्षण सचालन गर्न एक जना २०७९ माघ १० गतेदेखि प्रतियोगिता अवधिभर खो खो प्रशिक्षक नियुक्ति गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।**

| ग. निर्माण समिति | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति २०७९/१०/१८ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो : | | | | | | | | | | | | |
| क्र. सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो–दुगुरे–चोखा प्लानिंग र कमलविनायक प्लानिहमा पीच मर्मत कार्य | ९, १० | सडक कालो पत्रे | ६१६,१३५।५५ | | | | | | | | |
| २ | महेश्वरी खेल मैदान परिसर पीच मर्मत कार्य | ७ | सडक कालो पत्रे | ८८९,६६०।४१ | | | | | | | | |
| ३ | भक्तपुर नगरपालिकाको प्रेशको गेट बनाउने कार्य | २ | मर्मत | ५५,४८५।७९ | | | | | | | | |
| ४ | पर्यटक सेवा केन्द्र तथा पर्यटक सूचना केन्द्रमा इन्टरनेट र सीसीटीभीलगायत मर्मत कार्य | २ | मर्मत | ५४,९१०।४५ | | | | | | | | |
| ५ | तुमचो, दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य | ९ | खानेपानी शीर्षक | १,९५४,५७७।१० | | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कमलविनायक प्लानिंग अन्डरग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | बाग्मती प्रदेश सशर्त अनुदान | ३,१७६८८९।०३ | | | उ.स.अ. : श्री पुण्यराम लवजु<br>अ.स.स. : श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | | | | | |
| २ | नगर स्वास्थ्य केन्द्र, ब्यासी भवनमा मर्मत कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ८६४,४१२।८४ | | | उ.स.अ. : श्री रबी सुवाल<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ताहामला गल्ली ईटा छपाई बाटो मर्मत | ९ | सडक बोर्ड नेपाल र नपा | १,२९५,०२९।४८ | | | उ.स.अ. : श्री रामचन्द्र कोजु<br>अ.स.स. : श्री छोरीमैया सुजखू | | | |
| ४ | ज्याख्व फल्चा (बेखाल) देखि महालक्ष्मी मन्दिरसम्म ढुङ्गा छपाई बाटो मर्मत | १० | सडक बोर्ड नेपाल र नपा | १,२८३,६७८।९४ | | | उ.स.अ. : श्री लक्ष्मीभक्त सुवाल<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | |
| ५ | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (पहिलो चरण) | १० | न.पा. बजेट | | | | २०७९ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | |

**रि.ल.ई./पेश्की फछ्र्यौट सम्बन्धमा**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (पहिलो चरण) | १० | नपा | २,१३०,४३९।१८ | २,३८२,१५७।४६ | ६००,०००।०० | १,६२६,६४२।१९ | १,०२६,६४२।१९ | १,७८९,९०५।०७ | सम्पन्न | देवकुमार अवाल | |
| | | | | | | ३७०,०००।०० | ५२१,९२५।१० | १५१,९२५।१० | ५५६,७७९।०४ | | | |
| | | | | | | **९७०,०००।००** | **२,१४८,५६७।२९** | **१,१७८,५६७।२९** | **२,३४६,६८४।११** | | | |
| २ | १० नं. वडा कार्यालयमा भवनमा छाना स्तरोन्नती | १० | मर्मत | ४४५,५४४।८७ | | ११५,०००।०० | २०३,९६२।३७ | ८८,९६२।३७ | २१६,३६९।३७ | सम्पन्न | ज्ञानकुमार मगजु | |
| | | | | | | ११५,०००।०० | २१६,२५१।०९ | १०१,२५१।०९ | २२३,७५०।८५ | | | |
| | | | | | | **२३०,०००।००** | **४२०,२१३।४६** | **१९०,२१३।४६** | **४४०,१२०।२२** | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | लिबाली चोक धारामुनिदेखि थुसाचासम्म फुटपाथ मर्मत कार्य | ८ | मर्मत | ३६१,७०७।४६ | | सामानतर्फ | ३३५,६४५।३३ | ३३५,६४५।३३ | ३३५,६४५।३३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २३,०००।०० | २३,०००।०० | २३,४४४।०४ | | | |
| | | | | | | जम्मा | **३५८,६४५।३३** | **३५८,६४५।३३** | **३५९,०८९।३७** | | | |
| २ | विद्युतीय मर्मत सम्भार कार्य ( आश्विन, कार्तिक र मंसिर महिना) | १–१० | मर्मत | ६४,७८९।८३ | | सामानतर्फ | ३३,८८९।८३ | ३३,८८९।८३ | ३३,८८९।८३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २९,४००।०० | २९,४००।०० | ३०,९००।०० | | | |
| | | | | | | जम्मा | **६३,२८९।८३** | **६३,२८९।८३** | **६४,७८९।८३** | | | |
| ३ | विद्युतीय मर्मत सम्भार कार्य ( पुस महिना) | १–१० | मर्मत | ७८,८७७।२६ | | सामानतर्फ | ५३,६७७।२६ | ५३,६७७।२६ | ५३,६७७।२६ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २३,४२५।०० | २३,४२५।०० | २५,२००।०० | | | |
| | | | | | | जम्मा | **७७,१०२।२६** | **७७,१०२।२६** | **७८,८७७।२६** | | | |

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस न.पा.को एक्साभेटर मर्मत गरे वापत रु.८,२९४।- र मोबिल फेरे वापत रु.१५,३०१।- गरी जम्मा रु.२३,५९५।- भाजुरत्न एजेन्सी प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. यस न.पा.को मोटरसाइकल नं. ३७१ मर्मत गरे वापत रु.५,२२५।- लक्ष्मी अटो वर्कसपलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. मिति २०७९।९।२० गते लेखा तालिममा चिया नास्ता व्ययस्था गरे वापत रु.३,०००।- गहै कालिका एण्ड चमेना गृहको नाउंमा भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा. को सफाई गाडी नं. २२६७ मर्मत गरे वापत रु.९६,७२८।- सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ . यस न.पा.मा खाजा नास्ता व्यवस्था गराए वापत रु.८८,३०।- दिव्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

च. विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा साउण्ड सिष्टमको व्यवस्था गरे वापत रु.३७,५००।- वास नेशनल साउण्ड सिष्टमलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. राष्ट्रपति कप रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता उद्‌घाटन प्रतियोगितामा चियापान व्यवस्था गरे वापत रु.४,८७२।- सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।